*नेपाल सरकार, म.प. स्वीकृत मिति २०७७/४/२६*

# पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७

प्रस्तावनाः नेपालको तुलनात्मक लाभको रूपमा रहेको पर्यटन क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, समन्वय एवं साझेदारी मार्फत पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार मन्त्रिपरिषद्ले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यस कार्यविधिको नाम "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "आयोजना" भन्नाले दफा ४ मा उल्लिखित क्षेत्रका दफा ५ बमोजिम स्वीकृत आयोजना सम्झनु पर्छ ।

(ख) "आयोजना मूल्याङ्कन तथा सहजीकरण समिति" भन्नाले दफा १६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले दफा १५ बमोजिमको आयोजना/कार्यक्रम छनौट तथा स्वीकृत गर्ने समिति सम्झनु पर्छ ।

(घ)"प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची ४ मा उल्लेख भए बमोजिमका प्रदेश सम्झनु पर्छ ।

(ङ) "पर्यटन उपज" भन्नाले पर्यटकीय आकर्षणसँग सम्बन्धित आवास, खाना, यातायात, मनोरञ्जन तथा विशिष्ट अनुभुति प्रदान गर्ने वस्तु तथा सेवाहरुलाई सम्झनु पर्छ । यसमा पर्यटकीय गन्तव्यका रुपमा रहने मूर्त तथा अमूर्त सम्पदा समेतलाई जनाउँदछ ।

(च) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## आयोजना प्रस्ताव, प्राथमिकीकरण र छनौट

**३. आयोजना प्रस्तावः** (१) स्थानीय तह र प्रदेशले मन्त्रालयसँग साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमका लागि अनुसूची -१ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव भरी प्रत्येक बर्षको माघ मसान्तसम्ममा मन्त्रालयमा पठाउनु पर्नेछ ।

तर आर्थिक वर्ष २०७७/७८ को हकमा मन्त्रालयले प्रस्ताव माग गरेको मितिले तीस दिन भित्रमा अनुसूची -१ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव भरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) यो निर्देशिकालागू हुनु पूर्व पर्यटन गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदनको आधारमा निर्माणाधीन परियोजनामा कार्यक्रमबाट साझेदारी ढाँचामा निर्माण कार्यलाई निरन्तरता दिन चाहेमा मन्त्रालयले प्रस्ताव माग गरेको मितिले तीस दिन भित्रमा अनुसूची -१ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव भरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आयोजनाको प्रस्ताव पठाउँदा सम्बन्धित निकायले दफा ९ को उपदफा (१) बमोजिमको लागत सहभागिताको प्रतिवद्धता समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव पठाउँदा नेपाल सरकारले उपलब्ध गराउने बजेट बाहेक निर्माणको चरणमा कुनै कारणले आयोजनाको लागत बढ्न जाने भएमा त्यसरी बढ्न जाने रकम सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यवस्थापन गर्ने प्रतिवद्धता समेत पेश गर्नु पर्नेछ ।

(५) मन्त्रालयले उपदफा (१) बमोजिम प्राप्त भएको आयोजनालाई दफा ५ बमोजिम प्राथमिकीकरण गरी प्रत्येक आर्थिक बर्षको फागुन मसान्तभित्रमा आयोजनाहरु बजेट प्रस्ताव गर्ने प्रयोजनका लागि स्वीकृत गर्नेछ ।

तर आर्थिक वर्ष२०७७/७८ को हकमा उपदफा (१) र (२) बमोजिम प्राप्त भएको आयोजना प्रस्ताव तीस दिन भित्र आयोजना मूल्याङ्कन तथा सहजीकरण समितिले दफा ५ बमोजिम प्राथमिकीकरण गरी आयोजनाहरुको विवरण स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ ।

(६) मन्त्रालयले उपदफा (५) अनुसार प्राप्त सिफारिश बमोजिमको कार्यक्रममा रकम विनियोजन भए पश्चात सम्बन्धित प्रदेश वा स्थानीय तहलाई लागत सहभागिता सुनिश्चितताका लागि जानकारी गराउनेछ ।

(७) उपदफा (६) बमोजिम प्रदेश वा स्थानीय तहबाट लागत सहभागिता व्यहोर्ने सुनिश्चितता भएको आधारमा निर्देशक समितिले आयोजना स्वीकृत गर्नेछ र सो आधारमा मन्त्रालयले आयोजना कार्यान्वयनको समझदारी गर्नेछ ।

(८) उपदफा (७) बमोजिम समझदारी भएका आयोजनाहरुको लागि आगामी आर्थिक वर्षहरुमा निकासा हुने रकमका लागि पुनः समझदारी गर्नु पर्ने छैन ।

**४. आयोजना प्रस्तावका क्षेत्रः** (१) प्रदेश वा स्थानीय तहले देहायका क्षेत्र मध्ये स्थानीय आवश्यकताका आधारमा कुनै दुई वटा क्षेत्रका आयोजना प्रस्ताव गर्न सक्नेछन् :

(क) सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक वा साहसिक पदमार्ग एवं योग पर्यटन प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम

(ख) विशेष साँस्कृतिक/धार्मिक परिपथ र त्यस्तो परिपथभित्र पर्ने साँस्कृतिक, पुरातात्विक तथा पर्यटकीय महत्वका पूर्वाधार

(ग) भौगोलिक, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक पर्यटकीय गाँउको विकास सम्बन्धी कार्यक्रम

(घ) सांस्कृतिक एव पर्यटकीय क्षेत्र संरक्षण सम्बन्धी कार्यक्रम

(ङ) एकिकृत पर्वतीय पर्यटन वा ग्रामिण पर्यटन विकासका लागि पूर्वाधार विकास कार्यक्रम

(च) एकीकृत पर्यटकीय सूचना केन्द्र (बैंकिङ सुविधासहितको बसपार्क/ट्याक्सी पार्क, स्नान गृहसहित शौचालय, चमेना गृह/कफी केन्द्र र मौलिक उपज प्रदर्शनी तथा विक्रि केन्द्र जस्ता सुविधासहित) सम्बन्धी कार्यक्रम

(छ) ताल (तराइमा २ हेक्टर क्षेत्रफल भन्दा ठूलो, तथा पहाडमा र हिमालमा १३ रोपनी) संरक्षण र सौन्दर्यीकरण सम्बन्धी कार्यक्रम

(ज) पार्क निर्माण (तराई तथा भित्री मधेशमा १ हेक्टर क्षेत्रफल भन्दा ठूलो, पहाडी ७ रोपनी तथा हिमाली क्षेत्रमा ५ रोपनी भन्दा ठूलो)

(झ) प्रमुख पर्यटकीय (धार्मिक, साँस्कृतिक) क्षेत्रहरुमा शौचालय, ढल, सडक, पेटी, पार्क, पर्यटकीय बसपार्क, सम्वन्धित स्थानको खानेपानी र विजुली तथा विश्रामस्थल जस्ता पूर्वाधार आदि ।

(ञ) प्रदेश पर्यटक बस सेवा सम्बन्धी कार्यक्रम

(ट) प्रदेश पर्यटक आवास गृह सम्बन्धी कार्यक्रम

(ठ) पर्यटकीय गन्तव्य भित्रका सडक सुधार कार्यक्रम (छनोट गरिएको मुख्य पर्यटकीय गन्तब्यको १ कि.मी भित्रको सेरोफेरोमा)

(ड) संग्रहालय विकासका लागि पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम

(ढ) पर्यटन गतिविधिसँग सम्बन्धित नवीनतम् अवधारणाका कार्यक्रमहरु ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रका आयोजना प्रस्ताव गर्दा संघीय सरकारका अन्य कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नुपर्नेछ ।

**५. आयोजनाको प्राथमिकीकरण र छनौटः** (१) आयोजनाको प्राथमिकीकरण गर्दा देहाय बमोजिमका आधारमा प्राथमिकीकरण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछः

(क) प्रस्तावित कार्यक्रमले सम्बन्धित क्षेत्रमा पर्यटक आकर्षणका लागि पुर्याउने योगदान,

(ख) प्रस्तावित कार्यक्रम क्षेत्रसँग सम्पर्क पहुँचको अवस्था,

(ग) प्रस्तावित कार्यक्रमले स्थानीय समुदायको प्रत्यक्ष रोजगारीमा पुर्याउने योगदान (निर्माणको चरणमा र सञ्चालनको चरणमा),

(घ) कार्यक्रमको गुरूयोजना र विस्तृत डिजाइन सहितको कार्ययोजना र कार्यान्वयन कार्यतालिका,

तर आर्थिक वर्ष २०७७/०७८ का हकमा भने अधुरा आयोजना र यसै वर्ष सम्पन्न हुन सक्ने योजनाहरुका लागि माथि उल्लेखित कागजातहरु नभएको अवस्थामा पनि खरिद योजनाको आधारमा छनौट गर्न सकिनेछ ।

(ङ) कार्यक्रमको लागि स्थानीय तह वा प्रदेश सरकारले व्यहोर्ने अंशको बजेट व्यवस्था,

(च) गुरूयोजना स्वीकृत भएकोमा स्थानीय तह वा प्रदेश सरकारले सहकार्यको लागि प्रस्ताव गरेको कार्यक्रम बाहेक गुरुयोजनाको बाँकी अन्य कार्यक्रममा थप लगानी गरेको वा नगरेको र

(छ) आयोजना सम्पन्न हुन लाग्ने समयसारिणी (कार्यतालिका) ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथमिकीकरण गर्दा प्रादेशिक सन्तुलन, सम्भावित पर्यटकीय गन्तव्य र जैविक, भाषिक, सामाजिक/सांस्कृतिक जस्ता विविधताको समेत सन्तुलन कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावलाई देहाय बमोजिम अंकभार दिइ मूल्यांकन गर्नु पर्नेछः

| | |
|---|---|
| (क) आयोजनाको अवधारणा, गुरूयोजना र डिजाइन | ३५ |
| (ख) आयोजनाको लागत सहभागिताको सुनिश्चितता | १५ |
| (ग) आयोजनाले श्रृजना गर्ने रोजगारी | १५ |
| (घ) समयमै आयोजना सम्पन्न गर्ने प्रतिवद्धता | १५ |
| (ङ) आयोजनाको दिगोपना (निर्माण पश्चातको सञ्चालन, मर्मत सम्भार व्यवस्था) | १० |
| (च) आयोजना कार्यान्वयनका लागि जनशक्ति व्यवस्था | ५ |
| (छ) नवप्रवर्तन मूलक पर्यटकीय सोँच | ५ |

(४) उपदफा (३) बमोजिमको मुख्य आधारलाई आयोजना मूल्यांकन तथा सहजीकरण समितिले विस्तृत अंकभार कायम गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम मूल्यांकन गर्दा उपदफा (३) को खण्ड (क), (ख) र (घ) को अंकमा न्यूनतम साठी प्रतिशत सहित समग्रमा साठी प्रतिशत अंक हासिल गरेका आयोजनालाई मात्र लागत सहभागिताका लागि आयोजना मूल्यांकन तथा सहजीकरण समितिले सिफारिश गर्नेछ ।

तर आर्थिक वर्ष ०७७/७८ का लागि माथि उल्लिखित अङ्क प्राप्त नभएको अवस्थामा समग्रमा पचास प्रतिशत अङ्क हासिल गरेका आयोजनालाई सिफारिस गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको आधारमा मूल्यांकन गर्न कुनै सूचना वा कागजात नपुग भएमा मूल्यांकन समितिले त्यस्तो सूचना वा कागजात माग गर्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको सिफारिश र उपलव्ध बजेटको आधारमा निर्देशक समितिले साझेदारीको कार्यक्रम छनौट गर्न सक्नेछ । स्थानीय तहको हकमा स्वीकृत आयोजनाको जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई गराईनेछ ।

## परिच्छेद ३
## आयोजना कार्यान्वयन विधि

**६. गुरूयोजना तथा विस्तृत आयोजना प्रतिवेदनः** (१) प्रदेश वा स्थानीय तहले स्वीकृत आयोजनाको गुरूयोजनासहित विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृत गरेको हुनुपर्नेछ ।

तर आर्थिक वर्ष २०७७।७८ को लागि भने गुरूयोजना स्वीकृत नभएको भएतापनि अवधारणा प्रस्ताव र खरिद योजनासहित आयोजना प्रस्ताव गर्न बाधा पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोजना प्रस्ताव गर्दा आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति, कार्यान्वयन संरचना लगायत आयोजना कार्यान्वयन पूर्वका चरण पूरा भएको हुनु पर्नेछ ।

**७. कार्यान्वयन विधिः** (१) आयोजनाको खरिद, निर्माण, भेरिएशन स्वीकृति, अनुगमन, सुपरीवेक्षण, गुणस्तर, र म्याद थप लगायतको कार्य सम्बन्धित प्रदेश वा स्थानीय तहको प्रचलित कानुन अनुसार हुनेछ ।

(२) आयोजना निर्माण कार्यको नियमित सुपरीवेक्षणका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहले कम्तीमा एकजना इञ्जिनियर सहितको प्राविधिक टोलीको व्यवस्था गर्नु पर्नेछ ।

(३) आयोजनाको भेरिएशन गर्नुपरेमा सो कारणबाट हुने लागत बृद्धि सम्बन्धित प्रदेश वा स्थानीय तह स्वयंले व्यहोर्नुपर्नेछ ।

(४) सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन सम्बन्धी व्यवस्था

**८. अनुगमन तथा सुपरीवेक्षणः** (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोजना कार्यान्वयनमा गुणस्तर कायम गरी छिटो छरितो रुपमा सम्पन्न गर्न आवश्यकता अनुसार नियमित रुपमा सुपरीवेक्षण गर्नेछ । स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको अनुगमन जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।जिल्ला समन्वय समितिले अनुगमन गरेकोमा सो प्रतिवेदन मन्त्रालयमा चौमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम सञ्चालित आयोजनाको मन्त्रालयबाट आवश्यकताका आधारमा अनुगमन गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुगमनबाट प्राप्त प्रतिवेदन वा अन्य माध्यमबाट प्राप्त जानकारीको आधारमा निर्देशक समितिले गुणस्तर कायम गराउन आवश्यक समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम समन्वयको क्रममा दिएको परामर्शको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(५) अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यमा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई अवलम्वन गरिनेछ ।

## परिच्छेद ५
## लागत सहभागिता, बजेट तथा लेखा व्यबस्थापन

**९. लागत सहभागिताः** (१) यस निर्देशिका बमोजिम साझेदारी गर्ने आयोजनाका लागि प्रदेश तथा स्थानीय तहले मन्त्रालयसँग देहाय बमोजिमको लागत सहभागिता व्यहोर्ने गरी बजेटको व्यवस्था गर्नु पर्नेछः

| | |
|---|---|
| (क) प्रदेश | पचास प्रतिशत |
| (ख) महानगरपालिका | पचास प्रतिशत |
| (ग) उपमहानगरपालिका | चालिस प्रतिशत |
| (घ) नगरपालिका | पैतिस प्रतिशत |
| (ङ) गाँउपालिका | तीस प्रतिशत |

तर तुलनात्मक रुपमा न्यून आय भएका, मानव विकास सूचकांकमा ०.५ अंक भन्दा पछाडि रहेका जिल्लाका गाउँपालिका वा नगरपालिकालाई मन्त्रालयले थप पाँच प्रतिशत रकम व्यहोर्ने गरी बजेट उपलब्ध गराउन सक्नेछ ।

(२) कुनै आयोजना प्रदेश र स्थानीय तहबीच संयुक्त साझेदारीमा समेत हुन सक्नेछ । यस्तो साझेदारीको हकमा लागत सहभागिता प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम सरह हुनेछ ।

(३) कुनै आयोजना एक भन्दा बढी गाउँपालिका वा नगरपालिका बीच कार्यान्वयन हुने भएमा स्थानीय तहले संयुक्त साझेदारीमा आयोजना माग गर्न सक्नेछ । यसरी आयोजना माग गर्दा जति वटा स्थानीय तहले साझेदारी गर्ने हो, ती प्रत्येक स्थानीय तहका लागि दफा १० को उपदफा (२) बमोजिम तोकिएको लागत अनुमानको कूल लागत अङ्क बराबरको आयोजना स्वीकृत गर्न सकिनेछ । यस्तो आयोजनामा मन्त्रालयले व्यहोर्ने लागत सहभागिता पचास प्रतिशतभन्दा बढी हुने छैन ।

**१०. कार्यक्रमको संख्या र लागत अनुमानः** (१) यस कार्यक्रम अन्तर्गत प्रत्येक आर्थिक वर्षमा प्रदेश वा स्थानीय तहले दुई वटा कार्यक्रमका लागि आयोजना प्रस्ताव गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा संचालन गरिने कार्यक्रमको लागत अनुमान देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) प्रदेश | तीस करोडसम्म |
| (ख) महानगरपालिका | पन्ध्र करोडसम्म |
| (ग) उपमहानगरपालिका | दश करोडसम्म |
| (घ) नगरपालिका | सात करोडसम्म |
| (ङ) गाँउपालिका | पाँच करोडसम्म |

(३) आयोजना प्रस्ताव गर्दा माथि उल्लेखित बजेट सीमाको न्यूनतम बीस प्रतिशत भन्दा कम हुने गरी प्रस्ताव गरिएका आयोजनाहरु छनौट गरिने छैन।

(४) प्रदेश वा स्थानीय तहले उपदफा (२) मा लेखिए भन्दा बढीको कार्यक्रम तर्जुमा गरेको अवस्थामा मन्त्रालयले व्यहोर्ने हिस्सा यसै उपदफाको अधिनमा रहि सोको सीमा भित्र मात्र लागत सहभागिता व्यहोर्ने गरी कार्यक्रम स्वीकृत गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम प्रत्येक प्रदेश वा स्थानीय तहसँग एक आर्थिक वर्षमा एक मात्र कार्यक्रम स्वीकृत गरिनेछ ।

(६) मन्त्रालयले नगर विकास कोष लगायत अन्य सरकारी निकायसँग समन्वय गरी आयोजना विकासका लागि प्राविधिक सहायता उपलब्ध गराउन सक्नेछन् ।

(७) स्वीकृत आयोजनाको भौतिक प्रगति सत्तरी प्रतिशत सम्पन्न भएपश्चात् मात्र दोस्रो आयोजना सम्झौता गर्न सकिनेछ ।

**११. आयोजना बैंक स्थापनाः** (१) प्रदेश तथा स्थानीय तहबाट गुरुयोजना र विस्तृत अध्ययन भएका आयोजनाहरुलाई मन्त्रालयको आयोजना बैंकको रुपमा अभिलेखाकंन गरिनेछ ।

(२) यस्तो आयोजना बैंकमा रहेका आयोजनाहरु प्राप्त हुने उपलब्धीका आधारमा मन्त्रालयले थप श्रोत परिचालनका लागि समन्वय गर्नेछ ।

(३) मन्त्रालयले छिटो प्रतिफल दिने र स्थानीय रोजगारी अभिवृद्धि गर्ने कार्यक्रमहरु छनौट गरी राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा समावेश गर्नेछ ।

**१२. बजेट व्यवस्था र निकासाः** (१) दफा १० वमोजिम नेपाल सरकारले व्यहोर्ने लागत सहभागिताको बजेट नेपाल सरकारले सालबसाली रुपमा व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले प्रदेश र स्थानीय तहको लागि उपलव्ध गराएको समपुरक अनुदानवाट पूर्वाधार तथा पर्यटन विकास साझेदारी कार्यक्रमबाट यस निर्देशिका बमोजिमको आयोजनामा रकम परिचालन गर्न सकिनेछैन ।

(३) नेपाल सरकारले यस निर्देशिका बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि लाग्ने बजेट सम्बन्धित प्रदेश र स्थानीय तहलाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउनेछ ।

(४) आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको आधारमा प्रदेश र स्थानीय तहलाई साझेदारी अनुरुपको बजेट व्यवस्था गर्नेछ । यसरी लागत साझेदारी अनुरुप प्रदान गरिएको रकम उक्त आर्थिक वर्षमा खर्च हुन नसकी बचत भएमा संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) दफा १० को उपदफा (१),(२) वा (३) बमोजिम लागत व्यहोर्ने गरी स्वीकृत भएका कार्यक्रममा बाँकी रकम मन्त्रालयले साझेदारी कार्यक्रमको बजेटबाट कार्यक्रमको प्रगतिको आधारमा प्रत्येक वर्षका लागि चौमासिक रूपमा देहाय बमोजिम निकासा गर्नेछः

(क) कार्यक्रम स्वीकृत भै ठेक्का लगाएको सम्झौताको आधारमा मन्त्रालयले व्यहोर्ने अंशको बीस प्रतिशत,

(ख) चौमासिक अवधिको कार्यान्वयन प्रगतिको आधारमा यथार्थ खर्चमध्ये मन्त्रालयले व्यहोर्ने अंश,

(ग) कार्यसम्पन्न प्रतिवेदनको आधारमा आयोजनाको अन्तिम बीस प्रतिशत रकम मध्ये मन्त्रालयले व्यहोर्ने अंश ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको समय अगावै काम सम्पन्न गर्ने आयोजनाका लागि समय अगावै थप निकासा दिन बाधा पर्ने छैन ।

**१३. खर्च लेखाङ्कन र लेखापरीक्षणः** (१) यस निर्देशिका बमोजिम हुने खर्चको लेखा नेपाल सरकारले तोकेको ढाँचामा सम्बन्धित प्रदेश/स्थानीय तहले राख्नु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम हुने खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ र सो को लेखापरीक्षण तथा बेरुजु फरफारक गर्ने दायित्व खर्च गर्ने सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ ।

(३) यस निर्देशिका बमोजिम कार्यान्वयन हुने आयोजनाहरुको प्रभावकारिता वृद्धि गर्न प्रदेश र स्थानीय तहले सुदृढ आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्नेछ ।

**१४. तोकिएको अवधिभित्रै आयोजना/ कार्यक्रम सम्पन्न गर्नुपर्नेः** यस निर्देशिका बमोजिम सन्चालन गरिने आयोजनाको अवधि बढीमा तीन वर्षको हुनेछ ।

## परिच्छेद ६
## संस्थागत व्यवस्था

**१५. निर्देशक समितिः** (१) आयोजनाको छनौट, स्वीकृति, अनुगमन, समन्वय र नीतिगत मार्गदर्शनको लागि देहाय बमोजिको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| सचिव, मन्त्रालय | -संयोजक |
| सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| सह सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| सह सचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| सह सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |

| | |
|---|---|
| सह सचिव, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) मन्त्रालयको योजना तथा वैदेशिक सहायता समन्वय शाखाले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

**१६. आयोजना मूल्याङ्कन तथा सहजीकरण समितिः** (१) कार्यक्रम कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग तथा समन्वय गर्न एवं प्राप्त आयोजनाको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक समिति रहनेछः

| | |
|---|---|
| सह सचिव, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय | -संयोजक |
| महानिर्देशक, पर्यटन विभाग | -सदस्य |
| महानिर्देशक, पुरातत्व विभाग | -सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड | -सदस्य |
| उप सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| उप सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| उप सचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| उप सचिव, योजना तथा वैदेशिक सहायता शाखा | -सदस्य सचिव |

(२) आयोजना मूल्यांकन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको प्रस्ताव संकलन र प्राथमिकीकरण गर्ने,

(ख) आयोजना बैंकको विकास र अद्यावधिक गर्ने,

(ग) आयोजना छनौटको मूल्यांकनसहित सिफारिस गर्ने,

(घ) आयोजना कार्यान्वयनका लागि सहजीकरण र समन्वय गर्ने,

(ङ) अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(च) नियमित प्रगति प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(छ) स्थानीय तहलाई क्षमता विकासका लागि प्राविधिक सहयोग गर्ने,

(ज) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद ७
## विविध

**१७. मन्त्रालयले समन्वय गर्न सक्नेः** साझेदारी अनुदानबाट संचालित आयोजना/कार्यक्रम उद्देश्य मुताविक संचालन नभएमा वा संचालित कार्यमा गुणस्तर तथा मापदण्ड अनुरुप भएको नपाईएमा मन्त्रालयले प्रदेश र स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

**१८. अनुदान रकम कट्टा वा रोक्का राख्न सकिनेः** साझेदारी अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रम उद्देश्य मुताविक प्रभावकारी रुपमा तोकिएको अवधिभित्र सम्पन्न हुने गरी सञ्चालन हुन नसकेमा वा दफा १७ बमोजिम मन्त्रालयले समन्वयका क्रममा दिएको परामर्श पालना नगरेमा अनुदान रकम कट्टा वा रोक्का राख्न सकिनेछ ।तर मन्त्रालयले रोक्का राखेको विषयमा उल्लेखनीय प्रगती भएको वा गर्ने प्रत्याभूतिका आधार पेश गरेमा रोक्का राखेको रकम फुकुवा गर्न सक्नेछ ।

**१९. अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेः** यो निर्देशिकालाई कार्यान्वयनमा लैजाँदा थप आर्थिक दायित्व पर्ने वा सिर्जना हुन सक्ने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

**२०. बाधा अडकाउ फुकाउः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

**२१. प्रचलित कानुनसँग बाझिएमाः** यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना प्रस्ताव फाराम**

मितिः

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार,काठमाडौं ।

बिषयः पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजनाको माग फाराम पेश गरेको सम्बन्धमा।

यस——————गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/प्रदेशको मिति ——— को ———— बाट "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" को अधीनमा रही आयोजना सञ्चालन गर्न मन्जुर रहेकोले तपसिल बमोजिमको आवश्यक कागजात सहित आयोजनाको माग यसैसाथ पेश गरेको छु।

तपसिलः

- ☐ प्रस्तावित आयोजना सम्वन्धित मन्त्रालय वा नगर/गाउँकार्यपालिकाबाट स्वीकृत भएको
- ☐ विस्तृत आयोजना प्रतिवेदन/स्वीकृत गुरुयोजना
- ☐ आयोजना सञ्चालन हुने स्थानः र उपलब्ध जग्गाको क्षेत्रफल ........................ रोपनी/कट्ठा/वर्ग मिटर,
- ☐ प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय परीक्षण मूल्यांकन प्रतिवेदन स्वीकृत भएको /नभएको,
- ☐ सम्भावित पर्यटक संख्या, गन्तव्य सम्म पुग्ने पहुँच मार्ग लगायत गन्तव्य नजिकै उपलव्ध सुविधाहरू (प्रमुख वस्ती देखिको दूरी, खानेपानी, विजुलीजस्ता सेवाको अवस्था) आयोजना प्रमुख वा जिम्मेवार व्यक्ति,
- ☐ पूर्वाधार/उपज निर्माण पश्चात उपयोग/संचालनको विधिः
- ☐ आयोजना बाट प्राप्त हुने रोजगारी वृद्धि, आर्थिक प्रतिफलः
- ☐ आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्ययोजनाः
- ☐ आयोजना सम्पन्न हुने अवधिः
- ☐ प्रदेश र स्थानीय तहबाट लागत सहभागिता ब्यहोरिने प्रतिबद्धताको प्रतिशत र बजेट व्यवस्थाः

................................
(सचिव/प्रमुखको नाम र पद)

अनुसूचि २

**सम्झौताको ढाँचाः**

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र ...................... प्रदेश/स्थानीय तह बीचको साझेदारीमा तपशिल बमोजिमको आयोजना **पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७** तथा अन्य प्रचलित कानुनको अधिनमा रही सञ्चालन गर्न सहमत भई यो सम्झौता गरिएको छ ।

१. आयोजनाको नाम र संक्षिप्त विवरणः

२. सञ्चालन गर्ने निकायः

३. कूल लागतः

४. यस आर्थिक वर्षको लागतः

५. आयोजना सम्पन्न हुने मितिः

६. श्रोतको विवरणः

नेपाल सरकारः

साझेदार तहः

७. निकाशा सम्बन्धी व्यवस्थाः आयोजनाको पहिलो किस्ता निकासा सम्झौता भएको एक महिनाभित्र हुनेछ । निर्देशिका बमोजिम भौतिक र वित्तीय प्रगतीको आधारमा बाँकी किस्ता रकम निकासा हुनेछ ।

८. आयोजनाको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्नेछ । साथै स्थानीय तहको हकमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले गर्न सक्नेछ ।

९. आयोजना कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा वा असहजता उत्पन्न भएमा मन्त्रालयले सहजीकरण गर्नेछ ।

| मन्त्रालयको तर्फबाट | कार्यान्वयन गर्ने पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |